स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री केकी अधिकारीको निर्माण तथा अभिनय रहेको फिल्म 'बोक्सीको घर' आगामी बैशाख १४ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने तयारीमा छ । समाजमा प्रचलित बोक्सी कुप्रथामा आधारित भएर बनेको फिल्ममा केकीको लुक्स र भूमिकाबारे यसअघि सार्वजनिक टिजरमा प्रष्ट खुलाइएको थिएन । होलीको अवसर पारेर उनको 'क्यारेक्टर लुक्स' सार्वजनिक गरिएको छ । पोस्टरमा केकी लामो कपालसहित डरलाग्दो भावभंगीमा प्रस्तुत छिन् । यसलाई निर्माण टिमले 'बोक्सी लुक्स' भनेको छ ।

आजको विचार...



दुर्गाप्रसाद अर्याल

देशलाई..
(दुई पेजमा)



गायिका एलिना चौहानले आगामी वैशाख ५ गते प्रेमी विष्णु सापकोटासँग विवाह गर्ने भएकी छन् । उनले अहिले आफू विवाहको तयारीमा जुटेको बताइन् । 'अहिले म विवाहको तयारीमा जुटेको छु । निम्तो बाँड्ने र अन्य तयारीको काममा व्यस्त छु,' उनले भनिन् । गीतकार समेत रहेका सापकोटा बागलुङ निवासी हुन् । उनी अहिले अष्ट्रेलियामा व्यवसाय सञ्चालन गर्दै आएका छन् । एलिनाको स्थायी घर झापा हो । गत वर्षको तीज कार्यक्रममा अष्ट्रेलिया पुगेकी एलिना र विष्णुबीच त्यतिबेलादेखि नै प्रेम सम्बन्ध रहेको बताइन्छ ।

❑ वर्ष २९ ❑ अंक २३६ ❑ २०८० चैत १३ गते मंगलबार 26 March 2024, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# 'ढाकाको राजधानी' पाल्पामा मनाइयो 'ढाका दिवस'

**रामचन्द्र रायमाझी**

**पाल्पा,** चैत १२/ढाको राजधानी पाल्पामा पाल्पाली ढाका दिवस मनाइएको छ । पाल्पाली ढाका संघले सोमबार तानसेनमा एक कार्यक्रमका बिच दोस्रो ढाका दिवस मनाएको हो ।

२०७८ चैत १२ गते उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले पाल्पालाई ढाकाको राजधानीको रुपमा घोषणा गरेको थियो । राजधानी घोषण गरेको दिनका रुपमा हरेक वर्ष चैत १२ गते पाल्पाली ढाका दिवस मनाउन थालिएको हो । दिवसमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै प्रतिनिधि सभाका सांसद ठाकुर गैरेले पाल्पाली ढाकालाई ब्राण्डिङ र गुणस्तरीय बनाउने कुरामा ध्यान दिन जिल्लाका उद्यमी व्यवसायीहरुलाई आग्रह गरे । उनले नेपालमा केही छैन भनि विदेश जानै पर्छ भन्ने सोचलाई तोड्न ढाका जस्तो उद्योगलाई थप ब्राण्डिङ गरी त्यसको विस्तार गर्नु जरुरी रहेको धारणा व्यक्त गरे । सांसद गैरेले माल पाएर पनि चाल पाउन नसक्नु दुखद् भएको बताए । उनले भने,'बेला-बेलामा ढाका उद्योगका लागि बजेट आउने गरे पनि खर्च गर्ने क्षमता राख्न नसक्नु हाम्रो कमजोरी हो ।' राजनीतिक दल, जनप्रतिनिधिहरुको हुट हुटीले मात्र व्यवसायी विस्तार हुन नसक्ने भएकाले व्यवसायी आफै सक्रिय भएर लाग्न उनले उद्योगी व्यवसायीहरुलाई आग्रह गरे । लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले पाल्पाली ढाका र करुवाको प्रवर्द्धनमा प्रदेश सरकारले योजना बनाएर काम गरेको बताए । उनले तालिम सञ्चालनदेखि उद्यमी प्रोत्साहनका कार्यक्रमलाई प्रदेश सरकारले प्राथमिकतामा राखेको उल्लेख गरे । सांसद रानाले ढाका पाल्पामा उत्पादन गरेको भन्ने तर बिच बिचमा बाहिरबाट ल्याएर विक्री गर्ने गरेको भन्ने गुनासो आउने गरेकाले त्यसतर्फ सचेत हुन उद्योगी, व्यवसायीहरुलाई आग्रह गरे । उनले स्थानीय उत्पादनको कसरी बजार व्यवस्थापन गर्न सकिन्छ भन्ने विषयमा स्थानीय सरकारसँग बसेर बहस र छलफल चलाउन ढाका संघलाई आग्रह गरे । तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले ढाका उद्योगलाई प्रोत्साहन गर्ने कार्यक्रम नगर सरकारले ल्याएको बताए । उनले ढाकाको क्षेत्रमा प्रदेश सरकारसँगको सहकार्यमा काम गर्दै आएको धारणा व्यक्त गरे । पाल्पाली ढाका उत्पादक सहकारी संस्थाका उपाध्यक्ष हरि रायमाझीले पाल्पाली ढाकाको नाममा गणेशमान महर्जनको नाम जोडिएको बताए । उनले जबसम्म पाल्पाली ढाका रहन्छ तब सम्म गणेशमान महर्जनको योगदान रहिरहने धारणा व्यक्त गरे । रायमाझीले ३ /४ सय जनालाई तालिम दिएर अहिले व्यवसायिक रुपमा लागेको बताए । स्थानीय प्रदेश र संघीय सरकारको सहयोग भएमा प्रदेशलाई पाल्पाली ढाकामय बनाउन सकिने उपाध्यक्ष रायमाझीको भनाई छ । कार्यक्रममा पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष शैलेन्द्र भट्टराई, पाल्पा व्यापार संघका अध्यक्ष बामदेव बस्याल, घरेलु तथा साना उद्योग कार्यालय पाल्पाका अधिकृत थमन सारु, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम राना लगायतले पाल्पाली ढाकाको इतिहास र गरिमालाई जोगाइराख्न स्थानीय सरकारले ध्यान दिनुपर्नेमा जोड दिए । संघका अध्यक्ष पूर्णमाया महर्जनको अध्यक्षता, कार्यक्रम संयोजक सागरमान महर्जनको स्वागत सचिव मनोज पौड्यालको सञ्चालनमा कार्यक्रम भएको थियो ।




## सक्षिप्त समाचार

### सोमालियाको जेलमा रहेका ३३ इरानी रिहा

**(रासस/सिन्ह्वा)**

**तेहरान,** चैत १२/सोमालियाले इरानमा थुनामा रहेका ३३ जना इरानी मछुवा र डुङ्गा चालकलाई रिहा गरेको सरकारी समाचार संस्था इरनाले आइतबार जनाएको छ । केन्याका लागि इरानका राजदूत अली घोलमपुरले रिहा भएका इरानीहरूलाई आफ्नो देशमा स्थानान्तरण गर्न लागिएको जानकारी दिँदै सोमालियाका अधिकारीहरूले वर्षौंको कूटनीतिक गतिरोधपछि इरानसँगको सम्बन्धलाई पुनर्जीवित गर्ने प्रक्रियामा अघि बढ्न तत्परता व्यक्त गरेको बताए ।

घोलमपुरले सोमालियाले इरानी नाविक र मछुवाहरूको रिहाइले द्विपक्षीय सम्बन्ध पुन: सुरु गर्न सकारात्मक वातावरण सिर्जना गर्न र इरान र सोमालियाबीच रचनात्मक अन्तर्क्रिया र संवादका लागि मार्ग प्रशस्त गर्न मद्दत पुग्ने विश्वास व्यक्त गरे । उनले भने, "दुबै पक्षको एजेन्डामा प्राथमिकताहरू मध्ये एक मत्स्य सहयोग सम्झौताको मस्यौदा गर्नु हो जसले द्विपक्षीय हितको रक्षा गर्न सक्छ र सोमालियाद्वारा इरानी माछा मार्ने जहाजहरूको कब्जाको पुनरावृत्ति रोक्न सक्छ ।"

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु



**पाल्पा,** चैत १२/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार दाङ र इलाममा भएका सवारी दुर्घटनामा दुई जनाको ज्यान गएको हो ।

दाङको तुलसीपुर उपमहानगरपालिका-१२ ग्वारखोलास्थित सडकमा ट्याक्टरको ठक्करबाट एक बालिकाको ज्यान गएको छ । रा.१ त १५५९ नम्बरको ट्याक्टरको ठक्करबाट बाँके नेपालगंज उपमहानगरपालिका-६ बस्ने अबदुल जबरारको छोरी ३ वर्षीया सुबिना बानुको मृत्यु भएको हो । ठक्करबाट गम्भीर घाइते भएकी उनको प्रादेशिक अस्पताल तुलसीपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै इलामको सूर्योदय नगरपालिका-१२ मलिमस्थित सडकमा अटो दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मे.१ ह ४६८९ नम्बरको अटो अनियन्त्रित भई सडकबाट करिब १ सय ५० मिटर तल खसेर दुर्घटना हुँदा अटोमा सवार सोही ठाउँ बस्ने ५६ वर्षीया मनकुमारी प्रधानको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएकी उनको बिर्तासिटी अस्पताल झापामा उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । अटो चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । दुर्घटनाका विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## उमेरले छेकेन सीताको पढ्ने रहर

**घोराही (दाङ),** चैत १२/घोराही उपमहानगरपालिका-१५ की सीता खनाल ४४ वर्षकी भइन् । कक्षा पाँच पढ्दापढ्दै उनको बिहे भएपछि पढ्ने रहर अधुरो थियो । त्यही अधुरो रहर पुरा गर्न उनी अहिले घोराही-१८ स्थित श्री माध्यमिक विद्यालय रझेनामा कक्षा ७ मा अध्ययन गरिरहेकी छन् ।

'मलाई पढ्न लेख्न आउँदैनथ्यो । अहिले छोराछोरी सरहका साथी र शिक्षकसँग पढिरहेको छु', उनले भनिन्, 'शिक्षक, साथी र परिवारको सहयोगले अगाडी बढ्न सजिलो भएको छ ।' स्कुल गएको सुरुआती दिनमा सीतालाई डर र लाज लागेको थियो । अहिले सजिलो भएको उनले अनुभव सुनाइन् । सीताले जागीर खानका लागि पढेकी हैनन् । शिक्षा प्राप्त गर्दै पढ्ने रहर पुरा गरी जीवन सहज बनाउन पढ्न थालेको उनले बताइन् । उनी दुई वर्ष अघि कक्षा ६ मा भर्ना भएकी थिइन् । कक्षा ६ मा मेहनत गरेर राम्रो अंकसहित उत्तीर्ण भएपछि थप उत्साहित भएको उनले बताइन् । 'विवाहपछि पढ्ने कोशिस गरेँ तर घरायसी कामकाजले पढ्न पाइनँ । लामो समयपछि पढ्ने रहर जाग्यो । अहिले निरन्तरता दिँदैछु', उनले भनिन्, 'मेरा दुई छोरा र श्रीमानबाट साथ सहयोग पाएकाले पढ्न सजिलो भएको छ ।' पहिले छोरी, बुहारीले पढ्न हुँदैन भन्ने मान्यता थियो । अहिले कतिपयले बुढेसकालमा पढेको देख्दा कुरा काट्ने गर्छन् । घरको कामकाजसँगै विद्यालय नियमित जान पाएकोमा उनी खुसी छन् । पढ्ने इच्छाशक्तिलाई उमेरले छेक्दैन भन्ने खनालको भनाइ छ । सहपाठीले 'आन्टी' भनेर सम्बोधन गर्दा खुसी लाग्ने खनालले बताइन् । ढिलै भएपनि औपचारिक शिक्षा हासिल गर्न पाउँदा नयाँ अनुभव भएको उनले सुनाइन् । सीतामा पढाएको कुरा बुझ्ने, सिक्ने क्षमता भएको विद्यालयकी शिक्षिका सुनिता शर्माले बताइन् । सीता खनालले देखाएको अनुशासन र लगनशीलताका कारण कक्षाकोठा प्रभावकारी हुने गरेको शिक्षिकाको भनाइ छ । पढाइलाई निरन्तरता दिइ कक्षा १२ उत्तीर्ण गर्ने योजना रहेको उनले सुनाइन् । *-रासस*



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## कर्मकाण्डी नबनोस् 'साझा संकल्प'

जनता सामु गरिएको प्रतिवद्धता नै साझा संकलप हो । सरकारले ल्याउने न्यूनतम साझा कार्यक्रम भने पनि साझा संकल्प भने पनि त्यो प्रतिवद्धता नै हो । हरेक सरकार गठन भएपछि जनतासामु यो यो काम गर्छौं भनेर प्रतिज्ञा गर्ने गर्छन् । यसपालि नयाँ गठबन्धन बनेपछि फेरि ५ दलीय साझा संकल्प आएको छ । एक वर्षभित्रैमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले तीन–तीन पटक गठबन्धन फेरेका छन् । अहिले नयाँ गठबन्धन बनाएसँगै 'न्यूनतम नीतिगत प्राथमिकता र साझा संकल्प' सार्वजनिक गरेका छन् । हुन त यसअघि पनि उनैको नेतृत्वमा रहेको सरकारले न्यूनतम साझा कार्यक्रम नल्याएको होइन । तर, तिनको प्रभावकारिता र कार्यान्वयनको अवस्था हालसम्म के–कस्तो रह्यो त्यसबारेमा खासै गम्भीर ढङ्गले समीक्षा हुन सकेन । यस्तो हुँदा हुँदै पनि फेरि उनैको नेतृत्वको सरकारले तेस्रोपटक न्यूनतम साझा कार्यक्रम ल्याएको छ । यसले त्यति उत्साहित हुनुपर्ने अवस्था देखिँदैन । सार्वजनिक प्रतिवद्धता लोकतन्त्रको सुन्दर पक्ष हो । म यो गर्छु भन्ने अठोट पहिल्यै जनता सामु राख्नु लोकतान्त्रिक चरित्रकै एउटा हिस्सा हो । त्यसलाई सकारात्मक नै मान्नुपर्छ । तर, नेताले जे भन्छन्, त्यो गर्दैनन् र जनताले पनि भुलिहाल्छन् यो विडम्बना हो ।

सरकारले प्रस्तुत गरेको साझा कार्यक्रममा मूलतः भ्रष्टाचार विरुद्धको अभियानलाई सक्रियतासाथ अघि बढाउने र अर्थतन्त्रमा देखिएको संकुचनलाई खासरुपमा सम्बोधन गरेर समृद्ध नेपालको खाका कोर्ने परिकल्पनालाई प्राथमिकता दिएको छ । तर त्यो काम त्यति सहज भने छैन । सधैँ भ्रष्टाचार नियन्त्रणको राग अलापिरहने तर त्यसमा सफलताको प्रतिशत भने कम देखिने रोगले गाँजेको वर्तमान अवस्थामा त्यो प्रक्रिया त्यति विश्वसनीय हुन नसक्नु स्वाभाविक हो । सरकारले सुशासनको प्रत्याभूति दिने भनेको छ । सुनकाण्ड लगायतमा राजनीतिक व्यक्ति पक्राउ पर्नुले केही आशा भने पक्कै जगाएको छ । प्रक्रियामा लगेर सधैंका लागि चोख्याउने प्रचञ्चचाहिँ त्यसमा लुकेको छैन भनेरै अहिलेलाई विश्वास गरौं । भविष्यले पक्कै त्यसमा परीक्षा लिने नै छ । यसर्थ साझा संकल्प जे जस्तो भएपनि विगतमा जस्तै बिरालो बाँधेर श्राद्ध गरेजस्तो कर्मकाण्डी नहोस् ।

## Opinion @ Social Network

बिर्सेर जाने गए भनेर दुःखी भएर आफूलाइ गलत सम्झेर बस्नु हुँदैन
आफुले पनि बिर्सिएर हिम्मतका साथ अगाडि बढ्ने सामर्थ्य राख्नुपर्छ ।
*(लिला श्रेष्ठको फेसबुकबाट https://www.facebook.com/Lilly.shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# देशलाई माया गरौं की गणतन्त्रलाई ?



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

देशलाई सफल, असफल बनाउने आधार हो त्यो देशको साशन व्यवस्था । त्यही साशन व्यवस्थालाई सफल, असफल बनाउने आधार त्यो देशका राजनीतिक दल र तीनका नेतृत्व तह नै हुन् । राजनीतिक दल र तीनका नेतृत्वलाई सफल, असफल बनाउने आधार तिनीहरुले प्रस्तुत गर्ने व्यवहार, नैतिकता र राजनीतिक संस्कार हो, तर हिजोका राजनीतिक दलका मुख्य नेतृत्व र गणतन्त्रपछि देखिएका राजनीतिक दलका नेतृत्वको कार्य शैली र व्यवहार हेर्दा भन्न मन लाग्दछ बाह्र वर्ष ढुग्रोमा हाले पनि कुकुरको पुच्छर बाग्गाको बाग्गैं । अनि भन्न मन लाग्छ देशलाई माया गरौं की गणतन्त्रलाई । सच्चा नागरिकको हैसियतले यसो हुनु स्वभाविक नै हो भन्ने कुरामा दुईमत नरहला । ठूलो आशा र अपेक्षा राखेर गणतन्त्र ल्याउनका लागि बलिदानी र आन्दोलनमा होमीने आम जनतालाई दुई दशक बित्दा पनि यो व्यवस्थाले सकरात्मक सन्देश दिन सकिरहेको देखिदैन् भने कतै नेतृत्वले यसैको पृष्ठपोषण गर्दा गर्दै देशका मौलिक पक्ष र अस्तित्व नै संकटमा पर्ने त होइन सवाल उत्पन्न हुने गर्दछ । साथै गणतन्त्रलाई मुख्य उपलब्धी मान्दा मान्दै राष्ट्र र राष्ट्रियता नै संकटमा पर्ने त होइन ? जनताको दैनीकी झनै कष्टकर हुने त होइन ? नेपाल विश्वकै गरिब देश बन्ने त होइन् ? देश आर्थिक रुपमा धरासायी बन्ने त होइन ? आम नागरिकमा बहस बढ्दै छ, देशलाई माया गर्ने की गणतन्त्रलाई । यिनै विषयमा केन्द्रीत रहेर यहाँ चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

अथाहा स्रोत साधनले भरिपूर्ण देश हो नेपाल । हामीलाई कसैसँग हात थाप्नु नपर्ने गरी प्रकृतिले प्रसस्त उपहार दिएको छ । विश्व जगतमा नेपाललाई खुला संग्रालयकै रुपमा हेर्न थालिएको छ । क्षेत्रफलले सानो भनेर के गर्नु विविधताले भरिपूर्ण छ यो देश नेपाल । प्राकृतिक स्रोत साधनको सम्पन्नता देख्दा भन्न मन लाग्दछ, यहाँ के छैन र ? स्रोत साधनको परिचालनको योजनाको अभावमा देशका नागरिक जनताको साशन व्यवस्था मानिने गणतन्त्रमा तल्लोस्तरको जीवन जीउन बाध्य भै रहेको देखिन्छ । गणतनत्रले जनतामा आशाका किरण उत्पन्न गराउन सकेको देखिदैन् । देशको साशन व्यवस्था सञ्चालनका लागि आवश्यक आम्दानीका स्रोतको खोजिमा हैन, सुनको कचौरा लिएर विश्व सामु भिक मागिरहेका छौं । प्रश्न उठन सक्छ कति दिन सुधार हुने आशै आशमा दिनहरु बेथित गर्ने त ?

**विकृत गणतन्त्र र सुधार गर्नुपर्ने केहि पक्षहरु :**

गणतान्त्रिक साशन व्यवस्था अवलम्वन तथा यसको अभ्यास गरेको दुई दशक बित्न थाल्यो तर जनतामा यो ब्यवस्थाले अपेक्षित लाभ दिन सकेको देखिदैन । छोटो समयमै यो व्यवस्था आलोचित बन्दै गएको देखिन्छ भने निराशाका आवाजहरु सुनिन थालेको देखिन्छ । यो सबै किन भैरहेको छ ? दोष हटिसकेको राजतन्त्रलाई दिएर उम्कने छुट साशन व्यवस्थामा सम्माल्न तम्सिएका राजनीतिक दललाई छैन । निराशा उत्पन्न गराउने मुख्य दोष यीनै राजनीतिक दलमा नै रहेको देखिन्छ । जनताको साशन व्यवस्थाको उत्कृष्ट रुप मानिने गणतन्त्रमा पनि राजनीतिक अस्थिरता, बेथिति, सुशासन स्थापित गर्न नसक्नु, राजनीतिक दाउ पेज बढाउँदै लैजानु, नैतिकता गुमाउँदै जानु, जनता र देशका लागि हुनुपर्ने बहस र चिन्तन व्यक्तिगत, दलगत स्वार्थमा केन्द्रीत हुनु, कर्मचारीतन्त्र, राज्यका संवैधानिक अंगहरुमा राजनीतिक हस्तक्षेप र आफ्नो स्वार्थ अनुकुल प्रयोग गर्ने प्रयास गर्नु, राज्यको स्रोत साधनलाई आफ्नै सेवा सुविधाका लागि प्रयोग गर्नु साथै यसलाई दिनप्रति दिन बढाउदै लैजानु, राज्य नियन्त्रण बिहीन अवस्थामा पुग्नु, सार्वभौमिकता माथि समस्या सिर्जना हुँदै जानु गणतन्त्र माथि निराशा उत्पन्न हुँदै जानुका केहि पक्षहरु, यी पक्षहरु माथि बेलैमा ध्यान पुऱ्याउन नसकेमा फेरि व्यवस्था माथिनै दोष दिदै, व्यवस्था परिवर्तनका लागि आन्दोलनको आह्वान गर्नुपर्ने दिन नआउला भन्न सकिदैन ।

भोका नाङ्गा, सिमान्तकृत वर्गहरु, पछाडी पारिएका जनताहरु, देशको दुर्गम स्थानमा बस्ने जनताहरु प्राथमिकतामा पर्नुपर्ने गणतान्त्रिक साशन व्यवस्थामा सिमित वर्गले देशको स्रोत साधनबाट लाभलिने दरमा कमी हुनुको सट्टा झनै बढदै गएको समानुपातिक वितरणका केहि नेता, मन्त्री, सरकार सञ्चालकका आसेपासे, डन, कार्यकर्ता, ठेकेदार, आफन्त, आसे-पासे, धुपौरे र चम्चेहरु नै रमाउने र त्यही वर्गले हरेक स्थानमा प्रभाव पार्ने गरेको देखिन्छ ।

देश बलियो बनाउने एउटै आधार हो बलियो अर्थतन्त्र तर गणतान्त्रिक साशन व्यवस्थाको करीब दुई दशकको अवधिमा अर्थतन्त्र झनै दयनिय अवस्थामा पुगेको देखिन्छ । संघीयता अन्तर्गत प्रदेश र स्थानीय तहको संरचनाको निर्माणसँगै जनताले हरेक क्षेत्रमा करको दर भारी मात्रामा तिर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ । यहि कारण जनताको दैनिकी कष्टकर बन्दै गएको देखिन्छ । देशको अर्थतन्त्र, समानुपातिक, प्राथमिकताका क्षेत्रका आधारमा बजेट बन्दैन आजभोली रातारात करका शिर्षक, बजेका शिर्षकमा परिवर्तन भएका समचार सुन्न बाध्य छन् सर्वसाधरण जनता । केहि सिमित वर्ग र मुठीभरका समूहले बजेटबाट लाभ लिईरहेको देखिन्छ । यसैका आधारमा चुनावी खर्च व्यवस्थापन गरिरहेको देखिन्छ । अर्थतन्त्र जे सुकै होस् जनतालाई क्षणिक प्रभाव पार्ने कार्यक्रमहरु बजेटमा समावेश गर्ने गरेको पाईन्छ । आवश्यकता र औचित्यका आधारमा हैन, सस्तो लोकप्रियताका आधारमा बजेट बनाउने प्रवृति बढ्दै गएको देखिन्छ । उल्लेखित बेथितिले गर्दा देश बचाउने की गणतन्त्र भन्ने अवस्था सिर्जना भएको देखिन्छ । हिजोको जातजाती, भाषा, धर्म, संस्कृति बीचको भाईचारा र एकता साथै क्षेत्रीय सन्तुलन माथि आज समस्या उत्पन्न हुन थालेको छ । राष्ट्रिय एकता भड्काउने अभिव्यक्ति सरकार सञ्चालक दलबाट नै भएको देखिन्छ । जे बोल्न, जे गर्न, जे लेख्न पनि छुट देखिन्छ । यसलाई व्यवस्थित र नियन्त्रण गर्ने कुरामा सरकारहरु निरिह जस्तै देखिन्छन् । धर्म निरीपेक्षताको गलत व्याख्या भै रहेको छ । खुले आम धर्मको किन बेच भइरहेको छ । प्रदेश-प्रदेश बिच, स्थानीय तह स्थानीय तहबीच दुरी झनै बढ्दै गएको देखिन्छ । एउटै देशलाई ७ टुक्रामा, ७ टुक्रालाई ७५३ टुक्रामा विभाजन गरे जस्तै देखिन्छ । यसले देश भित्रका नागरिक बीच दुरी बढाउदै लगेको आभाष गराएको छ ।

*देश बलियो बनाउने एउटै आधार हो बलियो अर्थतन्त्र तर गणतान्त्रिक साशन व्यवस्थाको करीब दुई दशकको अवधिमा अर्थतन्त्र झनै दयनिय अवस्थामा पुगेको देखिन्छ । संघीयता अन्तर्गत प्रदेश र स्थानीय तहको संरचनाको निर्माणसँगै जनताले हरेक क्षेत्रमा करको दर भारी मात्रामा तिर्नु पर्ने अवस्था सिर्जना भएको देखिन्छ । यहि कारण जनताको दैनिकी कष्टकर बन्दै गएको देखिन्छ । देशको अर्थतन्त्र, समानुपातिक, प्राथमिकताका क्षेत्रका आधारमा बजेट बन्दैन आजभोली रातारात करका शिर्षक, बजेका शिर्षकमा परिवर्तन भएका समचार सुन्न बाध्य छन् सर्वसाधरण जनता । केहि सिमित वर्ग र मुठीभरका समूहले बजेटबाट लाभ लिईरहेको देखिन्छ । यसैका आधारमा चुनावी खर्च व्यवस्थापन गरिरहेको देखिन्छ । अर्थतन्त्र जे सुकै होस् जनतालाई क्षणिक प्रभाव पार्ने कार्यक्रमहरु बजेटमा समावेश गर्ने गरेको पाईन्छ । आवश्यकता र औचित्यका आधारमा हैन, सस्तो लोकप्रियताका आधारमा बजेट बनाउने प्रवृति बढ्दै गएको देखिन्छ । उल्लेखित बेथितिले गर्दा देश बचाउने की गणतन्त्र भन्ने अवस्था सिर्जना भएको देखिन्छ । हिजोको जातजाती, भाषा, धर्म, संस्कृति बीचको भाईचारा र एकता साथै क्षेत्रीय सन्तुलन माथि आज समस्या उत्पन्न हुन थालेको छ । राष्ट्रिय एकता भड्काउने अभिव्यक्ति सरकार सञ्चालक दलबाट नै भएको देखिन्छ । जे बोल्न, जे गर्न, जे लेख्न पनि छुट देखिन्छ । यसलाई व्यवस्थित र नियन्त्रण गर्ने कुरामा सरकारहरु निरिह जस्तै देखिन्छन् ।*

**निष्कर्ष :**

दोष गणतन्त्रको होइन्, यसलाई विकृतियुक्त बनाउन, दुरुपयोग गर्ने देशका नेतृत्वकर्ता र राजनीतिक दलको हो । विकृत गणतन्त्रले देशलाई हरेक पक्षमा कमजोर बनाउदै लैजान्छ । अन्ततः आम जनसमुदायमा गणतन्त्रलाई माया गर्ने की देशलाई माया गर्ने पक्ष विपक्षमा बहस सुरु हुन थाल्दछ । यहि बहसका केही झझल्काहरु नेपालमा देखिन थालेको छ । यसले ठूलो रुप नलिदै आ-आफ्ना कमी कमजोरी हटाउँदै, आफुलाई सच्चाउँदै, समय अनुसार रुपान्तरण गर्दै देशको साशन व्यवस्था गणतन्त्रलाई जनप्रिय बनाउनका लागि सम्वद्ध सम्पूर्ण पक्ष आजैबाट लाग्ने की ?

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पाः०७५–५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : इच्छा र आकांक्षा पूर्ण हुनेछन् । धनार्जनका स्रोत पत्ता लाग्न सक्छ । | **तुला** : पारिवारिक सद्भाव बढ्नेछ । सहयोगी हातहरू अघि बढ्नेछन् । |
| **वृष** : दैनिक कार्यहरूमा प्रगति हुनेछ । रमणीय र सुखद् यात्राको योग छ । | **वृश्चिक** : दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला । |
| **मिथुन** : दाम्पत्य जीवन सुखमय हुनेछ। बोलीले अरुको मन जित्न सकिनेछ । | **धनु** : मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ । स्वादिष्ट भोजन पाईनेछ । |
| **कर्कट** : शुभ समाचार सुन्न पाइनेछ । मित्रबाट विशेष सहयोग मिल्नेछ । | **मकर** : आकस्मिक धनलाभ हुनेछ । कामले अरूको मन लोभ्याउन सकिनेछ । |
| **सिंह** : आत्मिक सन्तुष्टि मिल्नेछ । तिर्थाटनको योगछ । | **कुम्भ** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ । अकस्मात धन सम्पत्ति हात पर्नेछ । |
| **कन्या** : मनमा शान्ति र अनुहारमा कान्ति छाउनेछ । पारिवारिक सहयोग मिल्नेछ । | **मीन** : जिद्दीपनाले काम बिग्रने डर छ । बोलीको विपरीत अर्थ लाग्न सक्नेछ । |

## यना प्रविधि

# अब ह्वाट्सएपबाटै एआई इमेज बनाउन सकिने




पछिल्लो समय विश्वभर एआई टूलको माग बढेको छ । च्याटजीपीटी सार्वजनिक भएयता एआईको प्रयोग अति नै बढेको छ । हिजोआज हर कोहीले एआई इमेज बनाउन चाहिरहेका छन् । च्याटजीपीटीकै पतिस्पर्धी टूल पनि लञ्च भइरहेका छन् । यी टूलको प्रयोग मानिसहरूले फरक फरक कामका लागि गरिरहेका छन् । नयाँ नयाँ एआई टूल बनाउने होड प्रविधि कम्पनीहरूमा चलिरहेको छ । आफ्ना सेवाहरूमा एआई फिचर थप्ने प्रतिस्पर्धा चुलिएको छ ।

अमेरिकी प्रविधि कम्पनी मेटाले आफ्नो इन्स्ट्यान्ट मल्टीमिडिया म्यासेजिङ एप ह्वाट्स एपमा नयाँ फिचर ल्याउन खोजेको छ । कम्पनीले ल्याउन लागेको यो फिचर एआई सपोर्टेड हुनेछ । यसपछि प्रयोगकर्ताहरूले ह्वाट्सएपमै एआई फोटो बनाउन अनि एडिट गर्न सक्नेछन् । ह्वाट्सएपको यो नयाँ एआई फिचर यतिबेला बिटा भर्सनमा परीक्षण भइरहेको बताइएको छ । केही हप्ताभित्रै कम्पनीले यसको अपडेट जारी गर्न सक्नेछ । ह्वाट्सएपका फिचरहरू ट्र्याक गर्ने विबेटाइन्फोले यो नयाँ फिचरबारे जानकारी दिएको हो । रिपोर्टका अनुसार नयाँ फिचर एन्ड्रोइडको बिटा संस्करण २.२४.७.१३ मा परीक्षण भइरहेको छ । बिटा भर्जनमा एआई इमेज एडिट देखिएको छ । नयाँ अपडेट पछि प्रयोगकर्ताहरूले एचडी आइकननजिक ब्याकड्रप रि-स्टाइल र एक्सप्यान्डजस्ता धेरै खाले एआई फिचर पाउनेछन् । फेसबुक, इन्स्टाग्रामलगायत आफ्ना सबै सामाजिक सञ्जालमा एआई टूलको प्रयोगप्रति मेटा गम्भीर रहँदै आएको छ ।

*-रातोपाटी डटकम*

# अफ्रिकामा भेटियो ३.३ अर्ब वर्ष पुरानो भुकम्पीय चट्टान



भू-वैज्ञानिकहरूले अफ्रिकाको ३.३ अर्ब वर्ष पुरानो चट्टानमा विश्वकै सबैभन्दा पुरानो भूकम्पको जानकारी पाएका छन् । वैज्ञानिकहरूले यी चट्टानहरूबाट प्लेट टेक्टोनिक्सको प्रारम्भिक प्रमाण फेला पारेका छन् । यस खोजमा पृथ्वीको क्रस्टलाई ठूला प्लेटहरूमा विभाजित भएको जानकारी प्राप्त भएको छ, जुन आवरणमा चिप्लिरहेको छ । यी चट्टानहरूले जीवन पहिलो पटक विकसित हुँदा अवस्था कस्तो हुने थियो भनेर बुझ्न पनि सजिलो बनाएको छ ।

दक्षिणी अफ्रिकाको जटिल भू-वैज्ञानिक संरचना 'बार्बर्टन ग्रीनस्टोन बेल्ट' को अनुसन्धानपछि भूवैज्ञानिकहरूले यो खोज गरेका हुन् । फेब्रुअरी २७ मा जर्नल जियोलोजीमा प्रकाशित नयाँ अध्ययनका अनुसार वैज्ञानिकहरूले यी चट्टानहरू न्यूजील्याण्डका युवा चट्टानहरूसँग मिल्दोजुल्दो रहेको महशुस गरे । न्युजिल्याण्डको हिकुरंगी सबडक्सन जोनमा भूकम्पले गर्दा पनडुब्बी पहिरोको अनुभव भइसकेको छ । न्युजिल्याण्डको भिक्टोरिया युनिभर्सिटी अफ वेलिंगटनका भूवैज्ञानिक र प्रमुख लेखक साइमन ल्याम्बले लाइभ साइन्सलाई यसबारे जानकारी दिएका छन् । लाइभ साइन्सका अनुसार 'यी भूकम्पबाट निस्कने ऊर्जा निकै शक्तिशाली थिए र यसले सम्पूर्ण क्षेत्रलाई हल्लाउन सक्षम थियो ।' अध्ययनका अनुसार बारबर्टन ग्रीनस्टोनलाई यसको हरियो रंगको कारणले नाम दिइएको हो ।

यो खोज ३.२ बिलियन र ३.६ बिलियन वर्ष पहिलेको पृथ्वीको लागि सबैभन्दा व्यापक भौगोलिक रेकर्ड मध्ये एक हो । यस क्षेत्रलाई बुझ्न अनुसन्धानकर्ताहरूले धेरै संघर्ष गर्नुपरेको थियो, किनभने यहाँको भू-विज्ञान धेरै गाह्रो छ । सहलेखक कर्नेल डे रोन्डे, न्यूजील्याण्ड अनुसन्धान संस्थान जीएनएस साइन्सका प्रमुख वैज्ञानिकले २०२१ मा बारबर्टन ग्रीनस्टोन बेल्टको आंशिक नक्सा प्रकाशित गरेका थिए । यहाँ ठूला ढुङ्गाको थुप्रो रहेको भूगर्भशास्त्री भेडाले तर अहिले मूल स्थानबाट सरेकोसमेत बताए । ल्याम्बले दाबी गरे कि बारबर्टन ग्रीनस्टोन बेल्ट न्यूजील्याण्डको पूर्वी भागमा २० मिलियन वर्ष पुरानो चट्टान र भर्खरै पनडुब्बी पहिरोमा देखिएको जस्तै छ ।

वैज्ञानिकहरूले भने कि न्यूजील्याण्ड बाहिर प्यासिफिक प्लेट अष्ट्रेलियाली प्लेट विरुद्ध चिप्लन र घिसिरहेको छ, जसले ठूलो भूकम्प र पनडुब्बी पहिरो निम्त्याउँछ। यी पहिरोमा जमिनमा र उथले पानीमा बनेको चट्टान गहिरो समुन्द्रमा खस्छ । अध्ययनले ग्रेट मार्लबरो कंग्लोमेरेट चट्टानको गठन लाखौं वर्षमा आएका हजारौं भूकम्पका कारण भएको हुनसक्ने खुलासा गरेको छ । भूकम्पका कारण ठूला ब्लकहरू सर्छन् । 'वास्तवमा यो लामो समयसम्म हल्लाएको रेकर्ड हो,' ल्याम्बले भने । जसका कारण यो विश्वकै पुरानो भूकम्प हुनसक्ने अनुमान गरिएको छ ।

*-डिसी नेपाल डटकम*

# माइक्रोसफ्ट एआईका सीईओ बनेका सुलेमान को हुन् ?



प्रविधि क्षेत्रको दिग्गज कम्पनी माइक्रोसफ्टले प्रतिस्पर्धी कम्पनी गुगल मातहतको आर्टिफिसियल इन्टेलिजेन्स अनुसन्धान प्रयोगशालाका सहसंस्थापक मुस्ताफा सुलेमानलाई भित्र्याएको छ । माइक्रोसफ्टका सीईओ सत्या नादेलाले एक परिपत्र जारी गर्दै यसको जानकारी गराएका हुन् । सुलेमान नेतृत्वको टिमले माइक्रोसफ्टको उपभोक्ता एआई प्रडक्ट विभाग सम्हाल्नेछ । माइक्रोसफ्ट एआईसँग कम्पनीको आर्टिफिसियल इन्टेलिजेन्ससँग सम्बन्धित विभिन्न ठूला प्रोजेक्टहरुको जिम्मेवारी हुनेछ । त्यसमा कोपाइलट, बिंग तथा एज जस्ता प्रडक्टहरु रहेका छन् । त्यसका साथै सुलेमानले माइक्रोसफ्ट एआईको कार्यकारी उपाध्यक्षको पनि जिम्मेवारी सम्हाल्नेछन् र कम्पनीको वरिष्ठ नेतृत्व तहको एक सदस्यको रुपमा रहनेछन् । उक्त टिमले सिधै माइक्रोसफ्टका सिइओ नाडेलालाई रिपोर्ट गर्नेछ । रोचक त के भने माइक्रोसफ्ट एआईको जुन सिइओ पदमा अहिले मुस्ताफा सुलेमानलाई ल्याइएको छ, उक्त पदमा यसअघि ओपन एआईका साम अल्टम्यानलार्य ल्याउने चर्चा थियो । जब ओपन एआईले च्याट जिपिटी निर्माता तथा सिइओ अल्टम्यानलाई बर्खास्त गऱ्यो तब सत्य नाडेलाले उनैलाई माइक्रोसफ्टको एआई विभागको सिइओको भूमिका अफर गरेका थिए । अल्टम्यानले त्यसमा सहमति पनि जनाएका थिए । तर पछि ओपन एआईले पुन: साम अल्टम्यानलाई ओपन एआईमै पुनर्बहाली गऱ्यो ।

**गुगल डीप माइन्डका सहसस्थापक**

मुस्ताफा सुलेमानले सन् २०१० मा एआई ल्याब डीपमाइन्डको स्थापना गरेका थिए । सो स्टार्टअपलाई सन् २०१४ मा गुगलले अधिग्रहण गरेको थियो । स्मरणीय त के छ भने गुगलले डीपमाइन्डकै माध्यमबाट आर्टिफिसियल इन्टेलिजेन्सको क्षेत्रमा माइक्रोसफ्टसँग टक्कर लिने प्रयासमा छ । यद्यपि सुलेमान पछिल्लो केही वर्षदेखि गुगलको उक्त विभागको हिस्सा थिएनन् र उनलाई सन् २०१९ मै कम्पनीले विदा दिएको थियो । ब्लुम्बर्गको रिपोर्ट अनुसार त्यसबेला उनका धेरै खालका प्रोजेक्टका कारण उनलाई विदामा पठाइएको थियो । गुगल र डीपमाइन्डले सुलेमानको विरुद्धमा सहकर्मी कर्मचारीहरुलाई दुख दिएको आरोपमा अनुसन्धान पनि सुरु गरेको थियो । सुलेमानले सन् २०२२ मा गुगल छाडिदिएका थिए र इन्फ्लेक्सन एआई नामक स्टार्टअप सुरु गरेका थिए । सुलेमानसँगै उनको उक्त कम्पनीका अन्य केही कर्मचारीहरुपनि माइक्रोसफ्ट एआईमा प्रवेश गरेका छन् । जसमा इन्फ्लेक्सनका सह संस्थापक करेन सिमोन्यान पनि छन् । उनले माइक्रोसफ्टमा कन्जुमर एआई ग्रुपका प्रमुख वैज्ञानिकका रुपमा काम गर्नेछन् । त्यस्तै केभिन स्टक चाहिँ माइक्रोसफ्टको प्रमुख प्राविधिक अधिकृत तथा एआई महाशाखाका कार्यकारी उपाध्यक्ष बन्नेछन् ।

माइक्रोसफ्ट एआईमा नयाँ सिइओ तथा कर्मचारी भित्राएको विषयमा माइक्रोसफ्ट सिइओले भनेका छन्, 'मैले धेरै वर्षदेखि मुस्ताफालाई चिन्दछु । डीपमाइन्ड तथा इन्फ्लेक्सनका संस्थापकको रुपमा दूरदृष्टियुक्त, प्रडक्ट निर्माता तथा उत्कृष्ट टिम बनाउने मामिलामा उनको प्रशंसा गर्दछु ।' उनी भन्छन्, 'हामीसँग एउटा यस्तो प्रविधि बनाउने अवसर छ, जुन कुनै समयमा असम्भव मानिन्थ्यो । यो प्रविधिले हाम्रो मिसनलाई अगाडि बढाउनेछ र सबै मानिससम्म एआईका फाइदालाई सुरक्षित तथा जिम्मेवार ढंगले पुऱ्याउनेछ ।'

**ट्याक्सी चालकका छोरा**

मुस्ताफा सुलेमानको जन्म सन् १९८४ मा भएको हो, जो एकजना बेलायती आर्टिफिसियल इन्टेलिजेन्स उद्यमी हुन् । सुलेमानका पिता सिरियाका एकजना ट्याक्सी चालक थिए । जबकि आमा चाहीँ बेलायती नर्स थिइन् । सुलेमानले आफ्नो सुरुवाती अध्ययन थर्नहिल प्राथमिक विद्यालयबाट गरे । उनले डेमिस हास्साबिससँग मिलेर डीपमाइन्डको सुरुवात गरेका थिए । एआई क्षेत्रका दिग्गज सुलेमानले विश्वविद्यालयको औपचारिक अध्ययन भने केवल १९ वर्षको उमेरमै छाडेका थिए । त्यसपछि उनले टेलिफोन परामर्श सेवा मुस्लिम युथ हेल्पलाइनको सुरुवात गरे । उक्त संस्था समयक्रममा बेलायतस्थित मुस्लिमहरुका मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउने सबैभन्दा ठूलो संस्था बन्यो ।

*-अनलाइन खबर डटकम*

# मस्तिष्कमा चिप राखिएका व्यक्ति चेस खेल्न सफल



विश्वकै धनाढ्य एलन मस्कको कम्पनी न्युरालिंकले मानव मस्तिष्कमा राखेको चिपका क्षेत्रमा नयाँ सफलता पाएको छ । चिप प्रत्यारोपण गरिएका व्यक्ति दिमागी बलकै भरमा कम्प्युटरको कर्सर नियन्त्रण गर्न सफल भएका हुन् ।

मस्कले उनकै सामाजिक सञ्जाल एक्समा न्युरालिंकले हालेको एक भिडियो रिपोस्ट गरेका छन् । भिडियोमा दिमागमा चिप राखिएका व्यक्तिले सोचेकै भरमा चेस खेल खेलिरहेको देख्न सकिन्छ । पक्षाघात भएका ती व्यक्ति २९ वर्षीय नोल्यान्ड अर्बाग हुन् ।

उनले मस्तिष्कमा राखिएको चिपको मद्दतले सोचेअनुसार चेस खेलिरहेको भिडियोमा देखिन्छ । ह्विलचेयरमा बसेर खेलिरहेकै क्रममा ती व्यक्तिले भनेका छन्, "स्क्रिनमा त्यो कर्सर देख्नुभयो ? त्यो म हुँ... यो सबै दिमागको शक्ति हो ।" ती व्यक्तिले आठ वर्षअघि एक दुर्घटनामा परी काँधबाट पक्षघात भएको बताएका छन् ।

न्युरालिंकले गर्न खोजेको मानव मस्तिष्क र कम्प्युटरबीचको अन्तर्क्रियाका क्षेत्रमा यसलाई महत्त्वपूर्ण सफलताका रूपमा हेरिएको छ ।

*-बाह्रखरी डटकम*

